**गण्डकी प्रदेश सभा**

छैटौं अधिवेशन

बैठक संख्या - १८

सूचनापत्र - २

# (बैठकको कारवाहीको संक्षिप्त विवरण)

मिति: २०८१/०३/१४

- गण्डकी प्रदेश सभाको मिति २०८१ साल असार १३ गतेको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा  दिनको १२ बजेर १९ मिनेटमा प्रारम्भ भयो।
- बैठकको प्रारम्भमा आकस्मिक समयमा मा. यशोदा रिमालले गत असार ११ को बर्षाले लमजुङ्ग जिल्लामा गएको बाढीपहिरोको बारेमा सरकारको ध्यानआकर्षण गराउनुभयो । तत्पश्चात मा. गोविन्द वहादुर नेपालीले विषयगत समिति गठन र सामाजिक विकास तथा कृषि समितिको सभापति चयन सम्बन्धी सभामुखको ध्यानआकर्षण गराउनुभयो ।
- शुन्य समयमा मा. कल्पना तिवारी, मा. कृष्ण प्रसाद पाठक, मा. गणेशमान गुरुङ्, मा. टिका कुमारी बस्याल, मा. दमयन्ती रुचाल, मा. देवका पहारी त्रिपाठी, मा. नन्दकला दमै नेपाली, मा. पदमा जि.सी. श्रेष्ठ, मा. वेदबहादुर गुरुङ्, मा, भक्त बहादुर कुँवर, मा. भिम बहादुर कार्की, मा. मित्रलाल बस्याल, मा. रोशन बहादुर गाहा थापा, मा. सरस्वती गुरुङ्ग, मा. सिता कुमारी सुन्दास, मा. सुधिर कुमार पौडेल, मा. सुशिला सिंखडा, मा. श्याम राजा महत र मा. हरि बहादुर चुमानले समसामयिक विषयममा सभामा आफ्नो भनाई राख्नुभयो।
- तत्पश्चात माननीय आर्थिक मामिलामन्त्री टकराज गुरुङ्गले "आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोपबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१"  का विभिन्न मन्त्रालयगत शीर्षकहरुमाथि छलफल गरियोस् भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो। उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो ।
- तत्पश्चात "आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोपबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१"  का विभिन्न मन्त्रालयगत शीर्षकहरुमाथि छलफलमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको छलफल प्रारम्भ भयो।
- तत्पश्चात माननीय देवका पहारी त्रिपाठीले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भनि खर्च कटौतीको प्रस्ताव पेश गर्दै छलफलमा भाग लिनुभयो ।
- तत्पश्चात माननीय वेद बहादुर गुरुङले उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको खर्च रकमालाई घटाई एक रुपैयाँ कायम गरियोस् भनि खर्च कटौतीको प्रस्ताव पेश गर्दै छलफलमा भाग लिनुभयो ।
- उक्त मन्त्रालयगत शीर्षकहरुमाथिको छलफलमा मा. महेश भट्टराई, मा. गणेशमान गुरुङ्ग, मा. कुशुम बुढा पुन, मा. पञ्चराम गुरुङ्ग, मा. दिलमाया पौ.बि., मा. राजकुमारी भुजेल, मा. हरिवहादुर भण्डारी, मा. विन्दु पौडेल, मा. डिल्लीराम सुवेदी, मा. लक्ष्मण बहादुर पाण्डे र मा. दिपेन्द्र बहादुर थापाले भाग लिनुभयो ।
- तदउपरान्त सभाको अर्को बैठक २०८१ असार १४ गते दिउँसो १ बजे बस्नेगरी दिउँसो ३ बजेर ११ मिनेटमा स्थगित भयो ।

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव